# मानवअधिकार पुस्तिका

एम्नेस्टी
इन्टरनेसनल



# मानवअधिकार भन्नाले के बुझिन्छ ?

***हामी सबै मानव हौँ । मानवअधिकार भन्नाले मानवका रूपमा हामीमा अन्तर्निहित स्वतन्त्रता र अधिकार भन्ने बुझिन्छ । मानवअधिकार हामी सबैको हो ।***

मानवअधिकारको कुनै एक निश्चित परिभाषा छैन । तर मानवअधिकारसम्बन्धी सबै दृष्टिकोणहरूको साझा बुझाइ के हो भने मानवअधिकार हाम्रो नैसर्गिक अधिकार हो जसले हामीलाई मानवको रूपमा आत्मसम्मानका साथ बाँच्न सहयोग गर्दछ । मानवअधिकारले सबै मानिस बीचको समानता, व्यक्तिको निष्ठा, गोपनीयता, व्यक्तिगत स्वतन्त्रता, सहअस्तित्व र आधारभूत सामाजिक आवश्यकताको परिपूर्तिको सुनिश्चितताको कुरालाई जनाउँदछ ।

त्यसैले हाम्रो राष्ट्रियता, वासस्थान, लिङ्ग, जात, वर्ण, धर्म, भाषा आदि जे-जस्तो भएपनि यी अधिकार र स्वतन्त्रताको उपभोग गर्न पाउने हक हामी सबैमा रहेको छ । प्रत्येक व्यक्तिको अधिकार र स्वतन्त्रताको रक्षा गर्दै हामी सबै एकसाथ कसरी शान्तिपूर्वक बाँच्न सक्छौं भन्ने विषयलाई मानवअधिकारले परिभाषित गर्न सहयोग गर्दछ ।



## मानवअधिकारको प्रकार :

### राज्यले मनासिब बन्देज लगाउन सक्ने वा नसक्ने आधारमा :

### १) निरपेक्ष मानवअधिकार (Absolute Rights)

निरपेक्ष मानवअधिकार भन्नाले त्यस्तो अधिकारलाई बुझिन्छ जसमाथि कुनै पनि अवस्थामा बन्देज लगाउन मिल्दैन । राज्यले यस्ता अधिकारहरूको उपभोगमा कुनै पनि हस्तक्षेपकारी कार्य गरेमा त्यस्तो कार्य मानवअधिकारको उल्लङ्घन ठहर्छ ।

निरपेक्ष मानवअधिकारका केही उदाहरणहरू : यातना विरुद्धको अधिकार, दासत्व विरुद्धको अधिकार, कानुनको दृष्टिमा व्यक्तिको रूपमा मान्यता पाउनुपर्ने अधिकार, विचार र विवेकको स्वतन्त्रता, र आफ्नो धार्मिक आस्था रोज्न वा परिवर्तन गर्न पाउने स्वतन्त्रता ।

### २) सापेक्ष मानवअधिकार (Relative Rights)

सापेक्ष मानवअधिकार भन्नाले केही निश्चित शर्तहरूको पालना गरी राज्यले मनासिब बन्देज लगाउन सक्ने अधिकारहरूलाई बुझ्न सकिन्छ । त्यस्ता बन्देजहरू निम्नानुसारका शर्तहरूका आधारमा मात्रै गरिनुपर्छ :

- त्यस्ता बन्देजहरू **कानुनमा आधारित** हुनुपर्छ,
- त्यस्ता बन्देजहरू **वैधानिक उद्देश्य**को प्राप्तिको निम्ति गरिएको हुनुपर्छ,
- हाँसिल गर्न खोजिएको उद्देश्य प्राप्तिको निम्ति त्यस्ता बन्देजहरू **आवश्यक** हुनुपर्छ, र
- प्राप्त गर्न खोजिएको उद्देश्यको तुलनामा त्यस्ता बन्देजहरू **समानुपातिक** हुनुपर्दछ ।

सापेक्ष मानवअधिकारमा बन्देज लगाउने क्रममा राज्यले माथि उल्लिखित मध्ये कुनै एक शर्त पनि उल्लङ्घन गरेको खण्डमा त्यस्तो बन्देज मानवअधिकारको उल्लङ्घन ठहर्छ । सापेक्ष अधिकारलाई सुनिश्चित गर्दा अन्य विषयहरूसँग सुविचारित सन्तुलन कायम गर्नुपर्छ । उदाहरणका लागि : कुनै अर्को व्यक्तिको अधिकारमाथि अनावश्यक हस्तक्षेप नहुने हदसम्म मात्रै कुनै व्यक्तिले आफ्नो अधिकार उपभोग गर्न पाउँछ । सापेक्ष अधिकारका केही उदाहरणहरू : अभिव्यक्ति स्वतन्त्रताको अधिकार, आफ्नो धर्म र आस्था प्रकट र अभ्यास गर्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, गोपनीयताको अधिकार ।

## सारभूत आधारमा अधिकारका प्रकारहरू :

### १) नागरिक - राजनीतिक अधिकार

नागरिक - राजनीतिक अधिकार यस्तो प्रकारको मानवअधिकार हो जसले व्यक्तिहरूको नागरिक र राजनीतिक जीवनमा भाग लिने क्षमताको रक्षा गर्दछ । नागरिक - राजनीतिक अधिकारले राज्यबाट हुनसक्ने दमनका विभिन्न स्वरूपहरूबाट व्यक्तिलाई रक्षा गर्दछ । राजनीतिक अधिकार प्राय: नागरिकहरूले मात्रै उपभोग गर्न मिल्ने गरी सीमित हुन्छ। तर, नागरिक अधिकार भने जो कोहीले पनि उपभोग गर्न पाउँछ, त्यसका निम्ति नागरिक हुन आवश्यक छैन ।

नागरिक अधिकारका उदाहरणहरू: जीवनको अधिकार, दासत्वबाट स्वतन्त्रता, यातनाबाट स्वतन्त्रता, स्वच्छ पुर्पक्षको अधिकार, र विचार, विवेक र धर्मको स्वतन्त्रता हुन् । राजनीतिक अधिकारका उदाहरणहरू निर्वाचनमा मतदान गर्ने अधिकार, राजनीतिक दलहरू गठन गर्ने र सोमा सामेल हुने अधिकार आदि हुन् ।

### २) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार यस्तो प्रकारको मानवअधिकार हो जसले व्यक्तिलाई मानवको रूपमा सम्मानपूर्वक बाँच्नका निम्ति क्षमता प्रदान गर्ने आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकताहरूको पहिचान गर्दछ । जस्तै: पर्याप्त जीवन स्तरको अधिकार, सामाजिक सुरक्षाको अधिकार, पर्याप्त आवासको अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, सामाजिक सेवाप्रति पहुँचको अधिकार, भोकबाट मुक्तिको अधिकार आदि ।

यी अधिकारहरूको प्रगतिशील उपभोगका निम्ति राज्य सदैव प्रयासरत हुनु पर्दछ । अर्थात् राज्यहरूले यी अधिकारहरूको निरन्तर उपभोगका निम्ति र यी अधिकारहरूको उपभोगको स्तरमा दिगो सुधारका निम्ति उपलब्ध स्रोतहरूको अधिकतम उपयोग गर्नुपर्छ। यी अधिकारहरूको उपभोगको हालको स्तरमा ह्रास हुने कार्य गर्न राज्यहरूलाई निषेध गरिएको छ । साथै, व्यक्तिहरूको आधारभूत आवश्यकताहरू सुनिश्चित गर्नका निम्ति राज्यले प्रत्येक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोगको न्यूनतम स्तर तुरुन्तै प्रदान गर्नुपर्दछ ।

## ३) समूहमा उपभोग गरिने अधिकार

सामूहिक अधिकारहरू ती अधिकारहरू हुन् जुन सामूहिक रूपमा वा सामुदायिक रूपमा प्रयोग गरिन्छ । यसका उदाहरणहरू आत्मनिर्णयको अधिकार, शान्तिको अधिकार, स्वच्छ वातावरणको अधिकार, प्राकृतिक स्रोतमाथिको अधिकार र विकासको अधिकार हुन् ।

नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार र समूहमा उपभोग गरिने अधिकार बीच कुनै पदानुक्रम (hierarchy) छैन । मानवको रूपमा सम्मानपूर्वक बाँच्नका निम्ति यी सबै प्रकारका अधिकारहरू समान रूपमा महत्त्वपूर्ण छन् ।

## मानवअधिकारका विशेषताहरू:

- **मानव अधिकार विश्वव्यापी हुन्छन् :** सबै मानव मानवअधिकारको समान हकदार हुन्छन् । जाति, जन्म, लिङ्ग, जात, सम्प्रदाय, धर्म, राष्ट्रियता वा अन्य कुनै पनि हैसियतले मानवअधिकार प्रतिको दाबीमा फरक पर्दैन ।

- **मानवअधिकार अन्तर्निहित र अहरणीय हुन्छन् :** मानवअधिकार ती हकहरू हुन् जुन मानवको रूपमा जन्मेको कारण मानिसहरूले प्राप्त गरेका हुन्छन् । त्यसैले मानवबाट मानवअधिकार खोस्न सकिँदैन ।

- **मानवअधिकार अविभाज्य हुन्छन् :** एउटा मानवअधिकारको उल्लङ्घनले अर्को मानवअधिकारको उपभोगमा नकारात्मक असर गर्दछ । तसर्थ, राज्यले अधिकारहरूको विभाजन गरेर एक प्रकारको अधिकार मात्रै सुनिश्चित गरेर अन्य प्रकारका अधिकारहरूलाई बेवास्ता गर्न मिल्दैन ।

- **मानवअधिकार एक अर्कामा निर्भर र अन्तर्सम्बन्धित हुन्छन् :** एक प्रकारको मानवअधिकार सुनिश्चित गर्न राज्यले अन्य अधिकारहरू पनि सुनिश्चित गर्नुपर्दछ । उदाहरण: व्यक्तिहरूले भोकबाट मुक्ति पाएमा मात्रै उक्त व्यक्तिहरूको जीवनको अधिकार सुरक्षित हुन्छ । खाद्यान्नको अधिकार तब मात्र सुनिश्चित हुन्छ जब धार्मिक आस्थाका आधारमा निश्चित खाद्यान्न मात्रै उपभोग गर्ने वा निश्चित खाद्यान्न उपभोग नगर्ने सबै समुदायका लागि स्वीकार्य हुने किसिमका खाद्यान्न राज्यले प्रबन्ध गर्दछ वा बजारमा सुलभ रूपमा उपलब्ध हुन्छ ।

# मानवअधिकारको सुरूवात कहाँबाट भयो ?

***मानवअधिकारका अन्तर्निहित सिद्धान्तहरू निकै लामो समय अघिदेखि अभ्यासमा रहेको पाइन्छ । तर दोस्रो विश्वयुद्धको दौरान भएका अत्याचारहरूको अनुभव पछि मात्रै अन्तर्राष्ट्रिय स्तरबाट तुरुन्तै सम्बोधन गर्नु पर्ने विषयको रूपमा राज्यहरूले मानवअधिकारसम्बन्धी संरक्षणको प्रतिबद्धताहरू व्यक्त गरेकाले मानवअधिकारको विषयले प्रमुखता पाएको हो ।***




सन् १९४८ मा संयुक्त राष्ट्रसङ्घले (United Nations) मानवअधिकारको पहिलो अन्तर्राष्ट्रिय दस्तावेज - मानवअधिकारको विश्वव्यापी घोषणापत्र (विश्वव्यापी घोषणापत्र) लाई पारित गरेको थियो । विश्वव्यापी घोषणापत्रको कानुनी हैसियत एउटा घोषणापत्र मात्रै भएपनि यसले अहिले प्रथाजन्य अन्तर्राष्ट्रिय कानुनको रूप धारण गरेको छ र यसका प्रावधानहरू पालना गर्नु संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूको लागि बाध्यात्मक छ ।

## मानवअधिकारको विश्वव्यापी घोषणापत्रका प्रावधानहरू

विश्वव्यापी घोषणापत्रको पहिलो धाराले "सबै मानिसहरू जन्मैदेखि आत्मसम्मान र अधिकारको उपभोगमा स्वतन्त्र र समान हुन्छन्" भनी परिभाषित गरेको छ । मानिसमाथि हुने उत्पीडन, दण्डहीनता तथा मानव मर्यादामाथिको आक्रमणका विरूद्ध लड्नको लागि तयार गरिएको सबैभन्दा पहिलो उपकरणको रूपमा विश्वव्यापी घोषणापत्र रहेको छ । विश्वव्यापी घोषणापत्रमा उल्लिखित मानवअधिकारहरू निम्नानुसार रहेका छन् :

- कुनै पनि किसिमको भेदभाव बिना अधिकार र स्वतन्त्रताहरूको उपभोग गर्ने अधिकार
- जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार
- बँधुवापना र दासत्व विरुद्धको अधिकार

- यातना र क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार
- कानुनको दृष्टिमा व्यक्तिको रूपमा मान्यता पाउने अधिकार
- कानुनको दृष्टिमा समानता र कुनै पनि भेदभाव बिना कानुनको समान संरक्षण पाउने अधिकार
- आफ्नो अधिकारहरूको उल्लङ्घन विरुद्ध प्रभावकारी उपचार पाउने अधिकार
- स्वेच्छाचारी गिरफ्तारी, नजरबन्द, र देश निकाला विरुद्धको अधिकार
- स्वतन्त्र र सक्षम अदालतबाट निष्पक्ष र सार्वजनिक सुनुवाइको अधिकार
- अदालतबाट दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार
- व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचार उपर स्वेच्छाचारी हस्तक्षेप विरुद्धको अधिकार
- राष्ट्रको सीमानाभित्र स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने तथा आफ्नो आवास रोज्न पाउने अधिकार
- राष्ट्रियताको अधिकार
- विवाह गरी परिवार बसाउने अधिकार
- परिवारलाई समाजको प्राकृतिक तथा मौलिक इकाईको रूपमा समाज तथा राज्यबाट संरक्षण
- सम्पत्तिको अधिकार, स्वेच्छाचारी तवरबाट सम्पत्तिको वञ्चितिकरण विरुद्धको अधिकार
- विचार, विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार
- विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार
- सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने अधिकार
- शान्तिपूर्वक सभा गर्ने र संगठन खोल्ने स्वतन्त्रता
- प्रत्यक्ष र स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरूको माध्यमबाट आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार
- सार्वजनिक सेवाउपर समान पहुँच पाउने अधिकार
- समान मताधिकारको प्रयोगसहितको आवधिक र निष्पक्ष निर्वाचन
- सामाजिक सुरक्षाको अधिकार
- रोजगारीको अधिकार, रोजगारीको छनौटको स्वतन्त्रता, काम गर्नका लागि उपयुक्त र अनुकूल अवस्थाको अधिकार, आराम र विश्रामको अधिकार
- शिक्षाको अधिकार
- काममा विभेद विरुद्धको अधिकार, समान कामको लागि समान पारिश्रमिकको अधिकार, बेरोजगारी विरुद्ध संरक्षणको अधिकार, ट्रेड युनियन गठन गर्ने र त्यसमा सम्मिलित हुन पाउने अधिकार

- खाद्यान्न, कपडा, आवास, औषधोपचारको सुविधा, र आवश्यक सामाजिक सेवाहरू सहित पर्याप्त जीवनस्तरको अधिकार
- समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्र रूपले सहभागी हुने अधिकार, कला र वैज्ञानिक प्रगतिको उपयोग गर्ने अधिकार र आफ्नो वैज्ञानिक, साहित्यिक वा कलात्मक उत्पादनको नैतिक तथा भौतिक हितहरू उपरको अधिकार (बौद्धिक सम्पत्तिको अधिकार)

विश्वव्यापी घोषणापत्रलाई अनुमोदन गरेपछि संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले मानवअधिकारसम्बन्धी थप विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूलाई पारित गरेका छन् जसले मानवअधिकारका विभिन्न आयामहरूलाई परिभाषित र थप विस्तारित गरेका छन् । उदाहरणका लागि :

- सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि, १९६५
- नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६
- महिला विरूद्ध हुने सबै प्रकारका विभेद उन्मूलनसम्बन्धी महासन्धि, १९७९
- यातना विरुद्धको महासन्धि, १९८४
- बालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धि, १९८७
- आप्रवासी श्रमिकहरूको अधिकारसम्बन्धी महासन्धि, १९८९
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६
- सबै व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्यबाट संरक्षण गर्नेसम्बन्धी महासन्धि, २००६

## आफ्नो ज्ञानको जाँच गर्नुहोस् !

**नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय महासन्धिहरू के के हुन् ?**

उत्तरको लागि, अन्तिम पेज हेर्नुहोला ।

**महासन्धि:** राज्यहरू बीच बाध्यकारी रूपमा लागू हुने सम्झौता (यसलाई सन्धि वा अनुबन्ध पनि भनिन्छ) । घोषणापत्रहरू भन्दा महासन्धिहरू बढी ओजपूर्ण हुन्छन् किनभने राज्यले हस्ताक्षर गरेका कारण ती राज्यका निम्ति कानुनी रूपमा बाध्यकारी हुन्छन् ।

**घोषणापत्र:** निश्चित मापदण्डहरूमा सहमति भएको दस्तावेज जुन राज्यका निम्ति कानुनी रूपमा बाध्यकारी हुँदैन । उदाहरणका लागि मानवअधिकारको विश्वव्यापी घोषणापत्र ।

हाम्रो मानवअधिकारको
संरक्षण गर्ने जिम्मेवारी कसको हो ?

## १) राज्यको भूमिका

**आफ्नो क्षेत्राधिकारभित्र पर्ने सबै व्यक्तिको मानवअधिकार प्रत्याभूत गर्ने प्रमुख दायित्व राज्य र यसका निकायहरू (उदाहरणको लागि अदालत, विधायिका वा कानुन निर्माण गर्ने संयन्त्र, प्रहरी, कानुन कार्यान्वयन गर्ने निकायहरू, र सरकारी अधिकारीहरू) को रहेको हुन्छ । राज्यलाई आफूले स्वीकार गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूको पालना गर्नुपर्ने कानुनी दायित्व हुन्छ ।**




राज्यहरूले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR), बालअधिकारसम्बन्धी महासन्धि (CRC), महिला विरूद्धका सबै किसिमको विभेदको अन्त्यसम्बन्धी महासन्धि (CEDAW) जस्ता अधिकांश दस्तावेजहरूलाई स्वीकार गरेका हुन्छन् । राज्यलाई ती अनुबन्ध तथा महासन्धि परिपालना गर्नुपर्ने कानुनी दायित्व हुन्छ । यी बाध्यकारी अनुबन्ध तथा महासन्धिहरूको पालना भए नभएको अनुगमन गर्नका लागि अन्तर्राष्ट्रिय संरक्षण संयन्त्रहरू पनि छन् । जस्तै उदाहरणको लागि संयुक्त राष्ट्रसङ्घीय सन्धि निकायहरू वा अमेरिका, अफ्रिका र यूरोप महादेशमा रहेका क्षेत्रीय मानवअधिकार अदालतहरूलाई यस्ता संयन्त्रको रूपमा लिन सकिन्छ । राज्यहरूलाई आफ्नो मानवअधिकारको अवस्थामा जवाफदेही बनाउनको लागि पनि यी दस्तावेजहरूले महत्त्वपूर्ण सन्दर्भ सामाग्रीको रूपमा काम गर्ने गर्दछन् ।

## राज्यले हाम्रो मानवअधिकारको परिपालन गर्ने दायित्व कसरी पुरा गर्नुपर्दछ ?

राज्यले हाम्रो अधिकारको **सम्मान (Respect)** गर्नुपर्दछ अर्थात ती अधिकारको उपभोगमाथि अनावश्यक हस्तक्षेप गर्नु हुँदैन । यस्ता अनावश्यक हस्तक्षेपमा प्रहरीबाट हुने हिंसा, यातना, स्वेच्छाचारी गिरफ्तारी र थुना वा मृत्युदण्डका कारण नागरिकको जीवन हरण र राज्यबाट हुने अन्य नागरिक र राजनीतिक अधिकारमाथिको अतिक्रमण पर्दछन् । राज्यले सम्मान गर्ने गरी प्रत्याभूत गरिएका अधिकारलाई नकारात्मक अधिकार पनि भनिन्छ ।

राज्यले हाम्रो अधिकारको **संरक्षण (Protect)** गर्नुपर्दछ । यसको मतलब राज्यले अन्य व्यक्तिहरूबाट हाम्रो अधिकारको दुरुपयोग हुनबाट रोकथामका लागि यथोचित कदमहरू चाल्नुपर्दछ (उदाहरणका लागि घरेलु हिंसा विरुद्ध कानुन बनाइ कार्यान्वयन गर्नु, ठूला कम्पनीहरूबाट हुने वातावरण प्रदूषणको विरुद्ध हस्तक्षेप गर्नु आदि) । यसरी संरक्षित गरिने अधिकारलाई सकारात्मक अधिकार भनिन्छ ।

राज्यले हाम्रो अधिकारलाई **परिपूर्ति (Fulfil)** गर्नुपर्दछ अर्थात हाम्रा अधिकारहरू सुनिश्चित गर्ने कानुनी र संस्थागत संयन्त्रहरू तयार गर्ने कार्य गर्नुपर्दछ (उदाहरणका लागि विद्यालय र अस्पतालहरू बनाउने, ज्यान र सम्पत्ति विरुद्ध हुने अपराधलाई प्रतिबन्ध गर्ने कानुन तर्जुमा गरी लागू गर्ने र कार्यान्वयनका संयन्त्रहरू बनाइ कार्ययोजना लागू गर्ने) ।

***मानवअधिकारको सुनिश्चितता र संरक्षण गर्ने पहिलो कर्ता राज्य हो । तर राज्यले नै बारम्बार मानवअधिकारको उल्लङ्घन पनि गर्ने गर्दछ ।***

***राज्यलाई कसले जवाफदेही बनाउँछ ?***

## २) गैरसरकारी संस्थाहरूको भूमिका

**गैरसरकारी संस्था (गैसस) (Non-governmental organization (NGO))हरूलाई "मानवअधिकारको संरक्षण गर्ने यन्त्र" को रूपमा हेरिन्छ ।**




राज्यको क्रियाकलापको अनुगमन गरेर, समुदायमा गएर, अनुसन्धान गरेर र मानवअधिकारसम्बन्धी असल नीतिहरूको लागि बहस र पैरवी गरेर गैरसरकारी संस्थाहरूले अन्तर्राष्ट्रिय मानवअधिकार प्रणालीको विकासमा योगदान पुर्याउँदछन् । गैरसरकारी संस्थालाई व्यक्ति, राज्यका अधिकारीहरू र अन्तर्राष्ट्रिय संस्थाहरूबीचको मध्यस्थकर्ता, मानवअधिकारको संरक्षणका लागि महत्त्वपूर्ण सचेतक तथा व्यक्ति र समूहहरूको आवाजको "प्रतिनिधि"को रूपमा लिइन्छ ।

### गैरसरकारी संस्थाहरूले कसरी काम गर्दछन् ?

**अनुगमन**

गैरसरकारी संस्थाहरूले राज्यले मानवअधिकारका मापदण्डहरूलाई पालना गरे नगरेको अनुगमन गर्नुका साथै विश्वस्त सूचनाहरूको सङ्कलन गर्ने गर्दछन् ।

**सहयोग**

गैरसरकारी संस्थाहरूले मानवअधिकारको संरक्षणसम्बन्धी विषयमा देखिएका अपर्याप्तताहरूको पहिचान गरेर राज्यको कानुन, नीति र अभ्यासमा सकारात्मक परिवर्तन ल्याउनका लागि आवश्यक सहयोग गर्दछन् ।

### पैरवी र सामूहिक जनमत निर्माण गर्ने

गैरसरकारी संस्थाहरूले मानवअधिकारका नयाँ मापदण्डहरूको विकासका लागि पैरवी गर्ने र जनमत निर्माण गर्ने कार्य गर्दछन् ।

### शिक्षित बनाउने

गैरसरकारी संस्थाहरूले मानिसको ज्ञान, सीप र सोचलाई फराकिलो बनाइ आफू र अन्य व्यक्तिहरूको मानवअधिकारको दाबी र रक्षा गर्नका लागि उनीहरूलाई शिक्षित र सचेत बनाउँदछन् ।

### बहस र पैरवी

गैरसरकारी संस्थाहरू मानवअधिकार उल्लङ्घनका घटनाहरू विरूद्ध लड्दछन् । साथै मानवअधिकार उल्लङ्घनबाट पीडित भएका व्यक्तिहरूलाई उनीहरूको अधिकार दाबी गर्न सहयोग गर्ने तथा उनीहरूलाई मनोविमर्श, चिकित्सकीय, आर्थिक वा अन्य प्रकारका सहयोग उपलब्ध गराउने जस्ता कार्यहरू पनि गर्दछन् ।

### अभियान

गैरसरकारी संस्थाहरूले राज्यका निकायहरूलाई उनीहरूको मानवअधिकारसम्बन्धी उत्तरदायित्वअनुसार कार्य गर्नको लागि सचेतना फैलाउने र स्थायी दबाब सिर्जना गर्ने कार्य गर्दछन् ।

## ३) अन्तर्राष्ट्रिय संस्थाहरूको भूमिका

**अन्तर्राष्ट्रिय संस्था (International Institution)हरूसँग अन्तर्राष्ट्रिय रूपमा प्रत्याभूत गरिएका मानवअधिकारसम्बन्धी मापदण्डहरूको प्रवर्धन र कार्यान्वयनका लागि धेरै "श्रोत र साधनहरू" रहेका हुन्छन् ।**

### अनुगमन गर्ने

अनुगमन गर्नुको उद्देश्य भनेको मानवअधिकारको उल्लङ्घन हुनै नदिएर मानवअधिकारको प्रत्याभूति गर्ने राज्यहरूको प्रयत्नलाई सुदृढ पार्नु हो । राज्यका साथसाथै नागरिक समाजले मानवअधिकारको परिपालनाको स्तरसम्बन्धी प्रतिवेदन तयार गर्दछन् र यस्ता प्रतिवेदनहरूले मानवअधिकारको संरक्षणसम्बन्धी विषयमा सुधार कसरी गर्ने भन्ने आधार तयार गर्दछन् ।

## अनुसन्धान गर्ने

अन्तर्राष्ट्रिय संस्थाहरूले वर्तमान अवस्थामा भइरहेका मानवअधिकार उल्लङ्घनका आरोपहरूको सोधपुछ र अनुसन्धान गर्दछन् र यस्ता उल्लङ्घन अन्त्यका सम्भावित स्वरूपहरूमा सहयोग पुर्याउँदछन् ।

## पीडितको उजुरी ग्रहण गरी न्याय सम्पादनमा सहयोग गर्ने

मानवअधिकार उल्लङ्घनका कारण पीडित भएका व्यक्तिहरूले त्यसको विरूद्ध निवेदन वा उजुरी दिन र उपचार प्राप्त गर्न सक्दछन् (जस्तै हिरासतबाट छुट्ने, क्षतिपूर्ति प्राप्त गर्ने, सम्पत्तिको पुनर्स्थापना आदि) ।

## मानवअधिकारसम्बन्धी छलफल सञ्चालन गर्ने

अन्तर्राष्ट्रिय संस्थाहरूले राज्य र गैरसरकारी संस्थाहरूलाई मानवअधिकारका जल्दाबल्दा मुद्दा र नयाँ मापदण्डहरूसम्बन्धी विषयमा छलफल गर्नको लागि मञ्चहरू उपलब्ध गराउँदछन् ।


## मानवअधिकार शिक्षा

मानवअधिकार शिक्षालाई मानवअधिकारको विश्वव्यापी संस्कृति निर्माण गर्ने उद्देश्यका साथ गरिने कुनै पनि सिकाइ, शिक्षा, तालिम र सूचनाका प्रयासहरूको रूपमा परिभाषित गर्न सकिन्छ ।



## ३) मानवअधिकारको संरक्षणमा व्यक्तिको भूमिका

**मानवअधिकारको सम्मान, संरक्षण र पालना भएको सुनिश्चित गर्नको लागि हामी सँधैभरी राज्यमा मात्र भर पर्न सक्दैनौं । हामी अधिकारवाहक स्वयंले आफ्नै लागि र अरू सबैको लागि मानवअधिकार दाबी गर्ने गर्नुपर्दछ ।**




मानवअधिकारको उल्लङ्घन भएमा वा उल्लङ्घन हुने खतरा देखिना साथ ती अधिकारको रक्षा र प्रवर्धनका लागि हामी सबैले आफ्नो तहबाट उचित भूमिका खेल्नु आवश्यक हुन्छ । अन्याय, हिंसा र विभेदका विरूद्ध हामीले बोल्नै पर्छ । राज्यका निकायहरूको क्रियाकलाप र उदासिनताले नै मानवअधिकारको उल्लङ्घन हुने गर्दछ । त्यसैले हामीले नागरिकको अधिकारमाथि राज्यको उदासीनपूर्ण वा हस्तक्षेपकारी कार्यलाई औंल्याउनुपर्दछ । यदि यस्तो नगर्ने हो भने राज्यहरूले कुनै जवाफदेहीता वहन गर्नु नपर्ने गरी मानवअधिकारप्रतिको आफ्नो उत्तरदायित्वको निरन्तर रूपमा उल्लङ्घन गरिरहन सक्दछन् । मानवअधिकार हामी सबैको लागि हो । तर हामीले दाबी गरेको अवस्थामा मात्र यसले काम गर्न सक्छ । सबै व्यक्तिहरूको मानवअधिकारको सम्मान भएको तथा ती अधिकार संरक्षित भएको विश्व निर्माण गर्नको लागि हामी सबैले आ-आफ्नो ठाउँबाट योगदान पुर्‍याउन सक्छौं ।

## व्यक्तिगत रूपमा तपाईंले के गर्न सक्नुहुन्छ ?

### तथ्यहरूको खोज गरी निष्कर्श तथा जानकारी बाँड्ने

हामी सबैले मानवअधिकार लगायत अन्य समसामयिक विषयहरूको बारेमा जानकारी लिने र सु-सूचित हुने गर्नुपर्दछ । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचारहरूको बारेमा जानकारी राख्न र आफूलाई मन लागेका विषयहरूमा विविध दृष्टिकोण र विचारको बारेमा जानकारी लिनका लागि विभिन्न स्रोत र सन्दर्भहरू हेर्ने गर्नुहोस् । यदि अन्य व्यक्तिहरूको लागि तपाईंले केही गर्ने सोच्नुभएको छ भने वहाँहरूको विचारलाई सुन्नुहोस् र आफूले कसरी सहयोग गर्न सकिन्छ भन्ने यकिन गर्नुहोस् ।

मानवअधिकारका विषयसम्बन्धी थप तालिम, कार्यशाला र कोर्सहरू अनलाइन र/वा अफलाइन माध्यमबाट लिने गर्नुहोस् । आफ्ना साथी वा सहकर्मीहरूलाई पनि आफूसँगै यस्ता कोर्सहरू लिन उत्प्रेरित गर्नुहोस् । आफूले सिकेको विषय र यसको महत्त्वका बारेमा आपसमा छलफल गर्नुहोस् ।

एम्नेस्टी इन्टरनेसनल वा एम्नेस्टी इन्टरनेसनल नेपाल जस्ता मानवअधिकार संस्थाहरूले गरेका अनुसन्धान र प्रकाशनहरूलाई अध्ययन गर्ने गर्नुहोस् । यस्ता प्रकाशनहरू ती संस्थाका वेबसाइटहरू www.amnesty.org र www.amnestynepal.org मा उपलब्ध छन् ।

### मानवअधिकारसम्बन्धी संवाद सुरू गर्नुहोस् र बहसमा सहभागी हुनुहोस्

आफ्ना साथी, सहकर्मी र विशेषगरी आफ्नो भन्दा फरक विचार भएका व्यक्तिहरूसँग मानवअधिकार संरक्षणका चुनौती र मुद्दाहरूको बारेमा छलफल र बहस गर्नुहोस् ।

घरमा वा व्यक्तिगत भेटघाटमा रङ्गभेदी वा विभेदकारी हँसीमजाक गर्ने वा चुट्किला सुनाउने साथी र परिवारका सदस्यहरूको आलोचना गर्नुहोस् । आफ्नो नजिकका व्यक्तिहरूलाई यसरी आलोचनात्मक सुझाव दिन असजिलो हुन सक्छ तर पनि उनीहरूका त्यस्ता टिप्पणी यदि उनीहरू आफैप्रति लक्षित थियो भने त्यसले उनीहरूलाई कस्तो महसुस गराउँछ भनेर सम्झाउनु होस् र यस्ता टिप्पणीले अन्य व्यक्तिहरूलाई कस्तो असर पार्दछ भन्ने बारेमा पनि जानकारी दिनुहोस् ।

## आफ्नो दैनिक जीवनमा आफूलाई गलत लागेको कुराहरू विरुद्ध अडान लिनुहोस्




कसैलाई अपमानपूर्वक व्यवहार गरेको देख्दा त्यसको विरुद्ध बोल्नुहोस् । जात, लिङ्ग, वर्ग, अपाङ्गता वा उनीहरूको शारीरिक अवस्था र भौगोलिक उद्गम वा अवस्थितिकै कारणले सताइएका (subjected to bullying), प्रताडित गरिएका वा विभेदमा पारिएका व्यक्तिहरूमा तपाईंको सहपाठी, सहकर्मी वा साथी पनि हुनसक्छन् । आवश्यक परेको समयमा उनीहरूलाई दिने साथ र ढाडसले धेरै फरक पार्दछ ।

## आफ्नो टोल छिमेकमा मानवअधिकारको प्रवर्धन गर्ने कार्यमा संलग्न हुनुहोस्

आफ्नो छिमेकका समाजिक र आर्थिक हिसाबले पछाडि पारिएकाहरू (जस्तै आवासविहीन व्यक्तिहरू, घरेलु हिंसाबाट गुज्रेकाहरू, न्यून वा कुनै पनि आय आर्जन नभएका व्यक्तिहरू)लाई सहयोग गर्नुहोस् । उदाहरणको लागि तपाईंले स्थानीय महिलाहरूको सुरक्षित आवासको अधिकारको विषयलाई व्यवहारिकतामा ढाल्नका लागि पैरवी गर्न सक्नु हुन्छ । उनीहरूको घरमा जाँदा यसले त्यस्ता आवासमा रहनेहरूलाई ढाडस पुग्ने मात्र नभई उनीहरू विरुद्ध खडा गरिएका व्यवधान वा पूर्वाग्रहहरूलाई अन्त्य गर्न पनि सहयोग गर्दछ ।

सिकाइमा समस्या भएका बालबालिकाहरू वा वञ्चितिकरणको अवस्थामा रहेका युवाहरूलाई सहयोग गर्न सक्नु हुन्छ । उनीहरूलाई सम्भव भएसम्म विद्यमान शैक्षिक व्यवस्थाबाट लाभ लिन र उनीहरूका समकक्षीहरू सरह बन्नका लागि सहयोग र हौसला प्रदान गर्न सक्नु हुन्छ । अरूलाई उनीहरूमा रहेको अन्तर्निहित क्षमताका सम्भावनालाई उजागर गर्न आवश्यक मद्दत गर्न सक्नु पनि एउटा आफैमा अद्भूत सन्तोषदायी सुखद् अनुभव हो ।


## चिठ्ठी पत्र लेख्नुहोस् र कसैको जीवनमा परिवर्तन ल्याउन सहयोग गर्नुहोस्

एम्नेस्टी इन्टरनेसनलले मानवअधिकार उल्लङ्घनबाट पीडित भएको वा उल्लङ्घनको जोखिममा रहेका व्यक्ति वा समूहहरूको अधिकार र न्यायको संरक्षण र प्रवर्धन गर्नका लागि "अधिकारको लागि लेखौँ (Write for Rights)" अभियान सञ्चालन गर्ने गर्दछ । तत्काल सहयोग र ऐक्यबद्धताको पर्खाइमा रहेका यस्ता व्यक्ति र समूहहरूको सहयोग र समर्थनमा विश्वभरीबाट तपाईं जस्तै अभियन्ताहरूले चिठ्ठी पत्र लेख्ने गर्दछन् । प्रत्येक वर्षको नोभेम्बर/डिसेम्बर (मंसिर/पौष) महिनामा चल्ने यस अभियानका क्रममा आधारभूत मानवअधिकारमाथिको आक्रमणबाट पीडित भएका वा हुन सक्ने व्यक्तिहरूको सुरक्षा र अधिकार बहालीका लागि विश्वभरका एम्नेस्टी समर्थकहरूले करोडौंको सङ्ख्यामा चिठ्ठी लेख्दछन् । यी समर्थकहरू तपाईं हामी जस्तै अभियन्ताहरू हुन् जसले विश्वमा भइरहेका गलत कार्यलाई सच्याउने अभियानको सहयोगमा विगतदेखि चालेको चिठ्ठी लेख्ने लामो परम्परालाई निरन्तरता दिने गर्छन् । यो अभियान पत्र लेखनमा मात्र सीमित छैन । पत्र लेखनका अलावा इमेल, ट्वीटर, फेसबुकलगायत अनलाइन माध्यम र पोष्टकार्ड, फोटो आदि अफलाइन माध्यमबाट गरिने अन्य गतिविधिहरू पनि यस अभियानअन्तर्गत हुने गर्दछन् ।

यस अभियानसम्बन्धी थप जानकारीका लागि कृपया एम्नेस्टी नेपालको वेबसाइट www.amnestynepal.org मा हेर्न वा info@amnestynepal.org मा आफ्नो जिज्ञासा लेखी पठाउन सक्नुहुनेछ ।

## १) मृत्युदण्ड

**मृत्युदण्ड सबैभन्दा क्रूर, अमानवीय र अपमानजनक सजाय हो। आरोपित जोसुकै भएपनि, अपराध कार्य गर्दाको अवस्था, दोष वा निर्दोषिताको प्रकृति जस्तोसुकै भएपनि, वा मृत्युदण्ड दिने तरिका जस्तोसुकै भएपनि एम्नेस्टीले सम्पूर्ण अवस्थामा कुनै पनि अपवादको परवाह नगरी मृत्युदण्डको विरोध गर्दछ।**



एम्नेस्टी इन्टरनेसनल मृत्युदण्डलाई मानवअधिकारको उल्लङ्घन (विशेषगरी जीवनको अधिकार र यातना, क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट मुक्त जीवन जिउने अधिकारको उल्लङ्घन) मान्दछ । यी दुवै अधिकारलाई संयुक्त राष्ट्रसङ्घले सन् १९४८ मा पारित गरेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रले संरक्षण गरेको छ।

मृत्युदण्डको अभ्यास गर्ने देशहरूले मृत्युदण्डको सजायले मानिसलाई अपराध गर्नबाट दुरूत्साहन गर्ने कुरालाई औँल्याउँदछन् । यस दाबी पटक पटक गलत साबित भएको छ र अपराधलाई घटाउन आजीवन कारावासभन्दा मृत्युदण्ड प्रभावकारी हुन्छ भन्ने कुनै पनि प्रमाण छैन । यसका अलावा मृत्युदण्ड कार्यान्वयन भैसकेपछि फिर्ता गर्नै नसकिने अन्तिम सजाय हुन पुग्छ जसमा कुनै निर्दोष व्यक्तिको ज्यान जान सक्ने जोखिमलाई कहिल्यै पनि नकार्न सकिँदैन । त्यस्तै, मृत्युदण्ड दिइने राज्यहरूमा सजायको फैसलाहरू पनि विभेदकारी रूपमा हुने गरेको पाइएको छ । सबैभन्दा बढी वञ्चितिकरणमा पारिएका र कमजोर सामाजिक, आर्थिक पृष्ठभूमि भएका वर्ग र जातीय वा धार्मिक अल्पसङ्ख्यकहरूलाई असमानुपातिक रूपमा मृत्युदण्डको सजाय दिइएको पाइन्छ ।

## सान्दर्भिक नेपाली कानुनी प्रावधानहरू

नेपालको संविधानको भाग-३, मौलिक हक र कर्तव्यअर्न्तगत धारा १६ (२) ले “कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन” भन्ने व्यवस्था गरेको छ । मृत्युदण्डलाई अन्त्य गरेका देशहरूमध्ये नेपाल पनि एक हो । नेपालले सन् १९९० (अर्थात वि.सं. २०४७) मा जारी गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ मा व्यवस्था गरी मृत्युदण्डको उन्मूलन गरिसकेको छ ।

सन् १९७७ मा एम्नेस्टी इन्टरनेसनलले यो विषयमा आफ्नो अभियान सुरू गर्दा जम्मा १६ देशहरूले मात्र मृत्युदण्डको उन्मूलन गरेका थिए । सन् २०२१ को अन्त्य सम्ममा विश्वका दुई तिहाई भन्दा बढी देशहरूले कानुन वा व्यवहारमा मृत्युदण्डलाई हटाइसकेका छन् । विश्वका १०८[१] देशले भने मृत्युदण्डको सजायलाई कानुनी रूपमै उन्मूलन गरिसकेका छन् ।

## २) गर्भपतन

## सुरक्षित गर्भपतन सेवामा पहुँच प्राप्त गर्नु मानवअधिकार हो ।

आफ्नो शरीरसम्बन्धी निर्णय लिने अधिकार केवल आफूमा मात्र निहित रहेको कुरालाई मानवअधिकार कानुनले स्पष्ट रूपमा स्थापित गरेको छ । यसलाई शारीरिक स्वायत्तता (bodily autonomy)का रूपमा पनि बुझ्न सकिन्छ ।

कसैलाई अनिच्छित गर्भधारणका लागि दबाब दिनु वा असुरक्षित गर्भपतन गर्ने माध्यम वा स्थान खोज्न दबाब दिनु मानवअधिकार (गोपनीयता र शरीरको स्वायत्तताको अधिकार लगायत अन्य मानवअधिकार)को उल्लङ्घन हो ।

[१] Death Penalty 2021: Facts and Figures, Amnesty International
https://www.amnesty.org/en/latest/news/2022/05/death-penalty-2021-facts-and-figures/

सबै मानिस आफ्नो शारीरिक स्वायत्तताको अधिकार उपभोग गर्न स्वतन्त्र छन् र उनीहरूले आफ्नै स्वविवेकमा बच्चा पाउने वा नपाउने वा कहिले र कतिवटा पाउने जस्ता विषयका साथै अन्य प्रजनन स्वास्थ्यसम्बन्धी निर्णयहरू गर्न पाउनुपर्दछ भन्ने कुरामा एम्नेस्टी इन्टरनेसनल विश्वस्त छ । गर्भपतनसम्बन्धी कानुनले गर्भवतीहरूको मानवअधिकारको सम्मान, संरक्षण र पालना गर्नु आवश्यक छ र यस्ता कानुनले उनीहरूलाई असुरक्षित गर्भपतन गर्ने तरिकाहरू खोज्नको लागि बाध्य पार्नु हुँदैन ।




यद्यपि एम्नेस्टी इन्टरनेसनलले लिङ्गमा आधारित गर्भपतनको समर्थन गर्दैन । लामो समयदेखि जरा गाडेर रहेको छोरा जन्माउने चाहनाले लिङ्गमा आधारित गर्भपतन जस्ता गलत अभ्यास हुने गर्दछ । समाजमा छोरी र छोराको असमान स्थानलाई औंल्याउने लिङ्गमा आधारित गर्भपतन विरुद्धको संघर्ष एक विश्वव्यापी मुद्दा हो । समाजमा रहेको छोराप्रतिको मोहले गर्दा अधिकांश लिङ्गमा आधारित गर्भपतनमा हुने भ्रूणहत्या छोरी भ्रूणहरूको हुने गर्दछ ।

## सान्दर्भिक नेपाली कानुनी प्रावधानहरू

मुलुकी अपराध सहिंता ऐन, २०७४ को दफा १८९ ले कस्ता परिस्थितिहरूमा गर्भपतनलाई कानुनी स्वीकृति प्रदान गरेको छ भन्ने उल्लेख गरेको छ ।

यसका अतिरिक्त सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य ऐन, २०७५ ले नेपालमा सुरक्षित गर्भपतन सेवाको प्रयोग गर्न पाउने महिलाको अधिकारलाई आत्मसात गरेको छ । यस ऐनले १२ हप्तासम्मको गर्भलाई अन्त्य गर्नका लागि महिलाले आफ्नै स्वनिर्णयमा सुरक्षित गर्भपतनको सेवा लिन पाउने अधिकारलाई स्पष्ट उल्लेख गरेको छ । बलात्कार, हाडनाता सम्बन्ध, एचआईभी (HIV) सङ्क्रमण वा इजाजतप्राप्त चिकित्सकको विचारमा गर्भले गर्दा गर्भवती महिलाको जीवन जोखिममा रहेमा वा गर्भवती महिलाको शारीरिक र मानसिक स्वास्थ्य बिग्रने सम्भावना भएमा वा अपाङ्गता भएको बच्चा जन्मिने स्थितिहरूमा गर्भ रहेको २८ हप्तासम्म सुरक्षित गर्भपतन गर्न सकिन्छ ।

## ३) LGBTI अधिकार



**समलिङ्गी/समयौनिक (महिला समलिङ्गी/समयौनिक (lesbian) र पुरूष समलिङ्गी/समयौनिक (gay)), द्वयलिङ्गी/द्वयौनिक (bisexual), पारलिङ्गी (transgender) र अन्तर्लिङ्गी (intersex) छोटकरीमा LGBTI समुदायहरू धेरै देशमा दैनिक रूपमा विभेदकारी जीवन बाँचिरहेका छन् । तपाईंको आफ्नो यौन अभिमुखीकरण (तपाईं कोसँग आकर्षित हुनुहुन्छ), लैङ्गिक पहिचान (आफ्नो जैविक यौन अङ्ग जेसुकै भएतापनि तपाईं आफूलाई कसरी परिभाषित गर्नुहुन्छ वा कुन रूपमा आफूलाई चिनाउनुहुन्छ), लैङ्गिक अभिव्यक्ति (आफूले लगाउने कपडा, कपाल वा अनुहारको श्रृंगार आदिबाट कसरी आफ्नो लैङ्गिक पहिचानलाई व्यक्त गर्नुहुन्छ) वा यौनिक गुण र प्रकार (उदाहरणको लागि तपाईंको यौनाङ्ग, क्रोमोजोम्स, प्रजनन अङ्ग वा हर्मोनको तह) आदिको आधारमा यस्तो विभेद हुनसक्दछ ।**

बेइज्जतीपूर्ण तरिकाले सम्बोधन गर्ने र प्रताडित गर्नेदेखि लिएर रोजगारीलगायत स्वास्थ्य सेवाको पहुँचबाट वञ्चित गर्ने जस्ता उनीहरूमाथि गरिने असमान व्यवहारहरू व्यापक र हानिकारक छन् । यसले उनीहरूको जीवन नै लिन पनि सक्छ । LGBTI समुदायका व्यक्तिहरू, विशेषगरी पारलिङ्गी र आफूलाई लैङ्गिक परिभाषामा नराख्ने व्यक्तिहरू, धेरैजसो आर्थिक र सामाजिक बहिष्करणको जोखिममा रहेका हुन्छन् ।

## सान्दर्भिक नेपाली कानुनी प्रावधानहरू

नेपालको संविधानको भाग-३, मौलिक हक र कर्तव्य अन्तर्गतको समानताको अधिकारसम्बन्धी धारा १८ ले लैङ्गिक र यौनिक अल्पसङ्ख्यकहरूको संरक्षण, सशक्तिकरण र विकासको लागि विशेष कानुनी प्रावधानहरू बनाउन सकिने व्यवस्था गरेको छ। यसका अतिरिक्त संविधानको सामाजिक न्यायको अधिकारसम्बन्धी धारा ४२ ले लैङ्गिक र यौनिक अल्पसङ्ख्यकहरूलाई राज्यका निकायहरूमा समावेशिताको सिद्धान्तअनुरूप सहभागी हुने अधिकार प्रदान गरेको छ ।

**नेपालमा समलिङ्गी सम्बन्ध वा LGBTI सम्बन्धी पहिचानलाई अपराधका रूपमा लिइँदैन ।** तथापि समलिङ्गी विवाहलाई अझै कानुनी मान्यता प्रदान गरिएको छैन । यसरी नेपाली नागरिकहरू वैवाहिक समानताको वास्तविकताबाट टाढै रहेको देखिन आउँछ ।

*समलिङ्गी विवाहका सम्भावना र विभेदकारी कानुनहरूको विषयमा अनुसन्धान गर्न सर्वोच्च अदालतले सन् २००७ मा निर्देशनात्मक आदेश गरेको भएतापनि हालसम्म त्यस आदेशको कार्यान्वयनमा कुनै प्रगति भएको छैन ।* [२]

## LGBTI सम्बन्धी शब्दावली [३]

**Lesbian (समयौनिक)** - उस्तै लिङ्गतर्फ आकर्षित हुने । अंग्रेजी भाषामा समयौनिक महिलालाई लेज्बिएन (Lesbian) भनिन्छ ।

**Gay (समयौनिक)** - उस्तै लिङ्गतर्फ आकर्षित हुने । अंग्रेजी भाषामा समयौनिक पुरुषलाई गे (Gay) भनिन्छ ।

**Bisexual (द्वयौनिक)** - पुलिङ्गी वा स्त्रीलिङ्गी दुवै लिङ्गतर्फ आकर्षित हुने ।

**Transgender (पारलिङ्गी)** - जैविक लिङ्ग भन्दा विपरीत वा फरक लैङ्गिक पहिचान भएको व्यक्ति ।

**Intersex (अन्तर्लिङ्गी)** - पुलिङ्गी र स्त्रीलिङ्गी शारीरिक अवस्था र बनोटभन्दा भिन्न यौनिक वा लैङ्गिक विशेषताहरू जस्तै फरक यौनाङ्ग, प्रजनन ग्रन्थी र क्रोमोजोम भएको व्यक्ति ।

---

[२] BEING LGBT IN ASIA:NEPALCOUNTRY REPORT
https://www.usaid.gov/sites/default/files/documents/1861/Being_LGBT_in_Asia_Nepal_Country_Report.pdf

[३] Queer Dictionary क्वयेर शब्दकोष-लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (क्वयेर) सम्बन्धीका शब्दहरूको शब्दकोष https://queerdict.home.blog/

## ४) यातना र दुर्व्यवहार

**यातनालाई कहिल्यै पनि न्यायोचित ठहर्याउन सकिँदैन। यो बर्बर र अमानवीय हुन्छ र यसले कानुनी शासनलाई त्रासको माध्यमबाट विस्थापित गरिदिन्छ। सरकारले यातनालाई व्यवहारमा प्रयोग गर्न दिएको खण्डमा कोही पनि सुरक्षित हुँदैनन्।**



यातना भन्नाले कुनै औपचारिक पदमा रहेको व्यक्तिले कुनै एक निश्चित उद्देश्यको लागि कसैलाई दिएको चरम मानसिक वा शारीरिक पीडा वा कष्ट दिने कार्यलाई बुझिन्छ। कहिलेकाहीँ राज्यका निकाय वा अधिकारीहरूले अपराध गरेको कबुल गराउन वा कुनै सूचना प्राप्त गर्नको लागि व्यक्तिलाई यातना दिने गर्दछन्। कहिलेकाहीँ यातनालाई समाजमा त्रास फैलाउनको लागि पनि प्रयोग गरिन्छ।

यातना दिने तरिकाहरू फरक हुन्छन्। यसको प्रकार शारीरिक हुनसक्छ, जस्तै कुटपिट गर्ने र विद्युतीय झट्का दिने। यौनजन्य यातनामा बलात्कार वा यौनिक अपमान गर्ने कार्य पर्दछन्। यातना मनोवैज्ञानिक (मानसिक) प्रकृतिका पनि हुन सक्छन्, जस्तै निदाउन नदिने वा लामो समयसम्म एकान्तवासमा एक्लाएर राख्ने। विश्वभरी बढी चर्चित यातनाका घटनाहरूले सामान्यतया राष्ट्रिय सुरक्षा र आतंकवाद विरूद्धका विषयहरूसँग मात्र यातना सम्बन्धित छन् भन्ने खालको गलत धारणा दर्शाएको छ। तर एम्नेस्टीको अनुसन्धानले स-साना चोरी गर्ने, अल्पसङ्ख्यक जातिका सदस्यहरू, विरोधकर्ता (आन्दोलनकारीहरू), विद्यार्थी पैरवीकर्ताहरू (एक्टिभिस्टहरू) र गलत समयमा गलत ठाउँमा पुगेका व्यक्ति आदि जोसुकै पनि यातनामा पर्न सक्ने देखाएको छ।

प्रहरी वा अन्य अधिकारीहरूको कुटाइ, अपमान, यौनजन्य हिंसा वा बलात्कारको निशानामा पर्नेहरू प्रायजसो गरिब र सीमान्तकृत समुदायका व्यक्तिहरू हुन्छन् र उनीहरूलाई सुरक्षा दिने वा उनीहरूले सहयोगको लागि गरेको याचना सुनिदिने कोही नहुँदा यस्तो कार्य हुने गर्दछ ।

## सान्दर्भिक नेपाली कानुनी प्रावधानहरू

नेपालको संविधानको भाग ३, मौलिक हक र कर्तव्यअन्तर्गतको धारा २२ ले यातना विरूद्धको अधिकारलाई प्रत्याभूत गरेको छ । उक्त धाराले पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनेको छ। उक्त धाराले पीडकलाई कानुनबमोजिम सजाय हुने र पीडितले क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था गरेको छ ।

यसका अतिरिक्त मुलुकी अपराध संहिता २०७४ को दफा १६७ ले कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानुनको कार्यान्वयन गर्ने वा कानुनबमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना वा क्रूर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई बन्देज गरेको र अपराध ठहर गरेको छ । सन् १९९१ मे १४ मा नेपाल यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धिको पक्षराष्ट्र बनेको भएतापनि नेपालको यातनासम्बन्धी वर्तमान घरेलु कानुन **यातनासम्बन्धी क्षतिपूर्ति ऐन २०५३** लाई अझै पनि अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाइएको छैन ।

## ५) अभिव्यक्ति, विचार, भेला हुने र सङ्गठन खोल्ने स्वतन्त्रता

**तपाईंको विचारले फरक पार्दछ । आफ्नो सोचलाई व्यक्त गर्ने, आफूसँग भएको जानकारी अरूलाई बताउने र असल संसारको माग गर्ने तपाईंको अधिकार छ । शक्तिमा रहेकाहरूसँग सहमत वा असहमत हुने र आफ्ना यस्ता विचारहरूलाई शान्तिपूर्ण विरोधस्वरूप व्यक्त गर्न पाउनु तपाईंको अधिकार हो ।**

खुला र न्यायपूर्ण समाजमा जीवन जिउन पाउनुको मुख्य आधार नै कुनै डर वा गैरकानुनी हस्तक्षेपबिना यस्ता अधिकारहरूको उपभोग गर्न पाउनु हो । यस्तो समाजमा व्यक्तिहरूको न्यायमा पहुँच हुन्छ र उनीहरूले आफ्नो मानवअधिकारको उपभोग गर्न पाउँछन् । तथापि विश्वका सरकारहरूले नियमित रूपमा व्यक्तिहरूलाई कारागारमा राख्छन् । अझ यो भन्दा पनि खराब त के भने प्राय

यी सबै देशका संविधानले “वाक स्वतन्त्रता” लाई महत्त्व दिँदादिँदै पनि बोलेकै आधारमा व्यक्तिहरूलाई गिरफ्तार गर्ने गरिन्छ ।



घृणा वा द्वेष फैलाउने, उक्साहटपूर्ण भाषण वा अभिव्यक्ति दिने आदि कार्य हुनबाट रोक्नु सरकारको कर्तव्य हो तर धेरै सरकारले आफ्नो अधिकारको दुरूपयोग गर्दै शान्तिपूर्ण असहमतिलाई चुप लगाउनको लागि (silence peaceful dissent) अभिव्यक्तिको स्वतन्त्रतालाई अपराध ठहर गराउने खालका कानुनहरू पारित गर्ने गर्दछन् । यस्ता कानुनहरूलाई प्रायः गरेर आतंकवाद विरूद्धको कदम, राष्ट्रिय सुरक्षा वा धर्मको नाममा ल्याउने र प्रयोग गर्ने गरिन्छ । हिजोआज पैरवीकर्ता वा अभियन्ता (एक्टिभिस्टहरू), गैरसरकारी संस्थाहरू र शरणार्थी तथा आप्रवासीहरूलाई सहयोग गर्ने व्यक्तिहरूलाई चुप लगाउने नाममा राज्यका अधिकारीहरूले अभिव्यक्ति स्वतन्त्रतालाई खतरामा पारेका छन् ।


कुनै सरकारले आफू प्रतिकूल दृष्टिकोण वा आलोचनालाई कसरी स्वीकार गर्छ भन्ने कुराले अक्सर उक्त सरकारले मानवअधिकारलाई सामान्यतया कसरी लिन्छ भन्ने कुराको सङ्केत गर्दछ ।

## सान्दर्भिक नेपाली कानुनी प्रावधानहरू

नेपालको संविधानको भाग-३, मौलिक हक र कर्तव्य अन्तर्गत धारा १७ (क) ले प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुन्छ भनेको छ । संविधानले निश्चित प्रकारको अभिव्यक्ति र बोलीलाई मनासिब प्रतिबन्ध लगाउने ऐन बनाउन पनि रोक लगाएको छैन तर सन् २०१९ मा सरकारले सार्वजनिक स्थान र अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई सङ्कुचित गर्ने प्रावधान भएका विधेयक मस्यौदाहरू संसदमा पेश गर्यो । उदाहरणको लागि प्रस्तावित सूचना प्रविधि विधेयकले विद्युतीय माध्यमबाट आफ्नो विचारलाई स्वतन्त्रतापूर्वक व्यक्त गर्ने व्यक्तिहरू विरूद्ध कडा कारागार सजाय र ठूलो रकमको जरिवानाको व्यवस्था गरेको छ र एम्नेस्टी इन्टरनेसनल नेपालले सरकारलाई उक्त विधेयकलाई संशोधन गरी त्यसलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन आह्वान गरेको छ ।

## ६) समानता र अविभेदको अधिकार

**मानिसहरूबीचमा हुने विभेदले मानव हुनुको मर्ममा नै प्रहार गर्दछ। अरु जे हो त्यही भएकै कारणले वा अरुको आस्था वा विश्वासको कारणले गर्दा उक्त व्यक्तिलाई फरक व्यवहार गर्नु नै विभेद गर्नु हो ।**



वर्ण, जाति, राष्ट्रियता, वर्ग, जात, धर्म, आस्था, लिङ्ग, भाषा, यौनिक झुकाव, लैङ्गिक पहिचान, उमेर, स्वास्थ्य, अपाङ्गता वा अन्य हैसियत जे जस्तो भए पनि सबैलाई समान व्यवहार गरिनुपर्ने अधिकार हामी सबैमा रहेको छ। तर पनि प्रायजसो हामीले शक्तिमा रहेकाहरूको भन्दा फरक समूहको भएको कारणले विभिन्न व्यक्तिहरूले क्रूरता भोग्नुपरेको मुटु चुँडिने कथाहरूको बारेमा सुन्ने गर्छौं ।


विभेद समानताको अभाव मात्र नभएर वास्तवमा व्यक्ति र समुदायलाई स्थायी रूपमा हानि पुर्याउने एउटा औजार पनि हो । राज्यले महिला तथा सीमान्तकृत समुदायहरू विरूद्ध हुने हिंसालाई बेवास्ता गर्दा हिंसालाई माफी दिएको स्पष्ट सन्देश जान्छ ।

## सान्दर्भिक नेपाली कानुनी प्रावधानहरू

नेपालको संविधानको भाग-३, मौलिक हक र कर्तव्य अन्तर्गतको धारा १८ ले कानुनको अगाडि सबै नागरिकको समानतासहितको समान अधिकारको व्यवस्था गरेको छ । यस धाराले राज्यले उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, धर्म, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकलाई विभेद गर्न नपाउने सुनिश्चित गरेको छ ।

तथापि, हालसम्म पनि समाजमा निश्चित समुदाय वा सो समुदायका व्यक्तिहरूलाई समान व्यवहार नगर्ने धेरै कानुनहरू विद्यमान छन् । उदाहरणको लागि अझै पनि नेपालमा महिलाहरूले नेपाली पुरूष सरह वंशजको आधारमा आफ्ना सन्तानलाई नागरिकता दिलाउन पाउने समान कानुनी अधिकारको व्यवस्था भएको छैन । त्यस्तै LGBTI समुदायका व्यक्तिहरूको लागि वैवाहिक समानताको अधिकार पनि नेपालमा अझै सुनिश्चित गरिएको छैन ।

# आफ्नो विद्यालयको
# मानवअधिकार तापक्रम मापन गर्नुहोस्



**मानवअधिकार तापक्रम मापनसम्बन्धी प्रश्नावलीलाई तपाईंले आफ्नो विद्यालयको मानवअधिकार स्थितिलाई मूल्याङ्कन गर्ने एउटा माध्यमको रूपमा प्रयोग गर्न सक्नुहुन्छ। आफ्नो विद्यालयको मानवअधिकार तापक्रम लिँदा विद्यालयका बढी भन्दा बढी सदस्यहरूको दृष्टिकोणलाई पनि समावेश गर्नु आवश्यक हुन्छ।**

आफ्नो विद्यालयको मानवअधिकारको स्थितिको मूल्याङ्कन गर्दा यसले तपाईंको विद्यालयलाई उद्देश्य, लक्ष्य र कार्य योजनाको निर्माण गर्न सहयोग गर्न सक्दछ। यसले तपाईंको विद्यालय बिस्तारै बढी भन्दा बढी मानवअधिकारमैत्री बन्दै गरेको अवस्थालाई बुझ्न मद्दत गर्दछ।

मानवअधिकारको स्थिति मूल्याङ्कन गर्दा विद्यालयका बढी भन्दा बढी अन्य सदस्यहरूको दृष्टिकोणलाई पनि समावेश गर्नु आवश्यक हुन्छ र ती व्यक्तिहरूको निम्नानुसारका विविधतालाई पनि ख्याल गरिएको हुनुपर्दछ :

**भूमिका** - जस्तै शिक्षक, विद्यार्थी, प्रशासक र अभिभावकहरू।

**उमेर** - सबै कक्षागत तहमा अध्ययन गर्ने विद्यार्थीलाई समावेश गर्ने।

**सामाजिक पहिचान** - लिङ्ग, वर्ण, जाति, अपाङ्गता, भाषिक हैसियत र सामाजिक वर्ग आदिसँग सम्बन्धित वा जोडिएकाहरू।

*यी सबै दृष्टिकोणलाई सुन्न र सुनाउनको लागि यी व्यक्तिहरूले सुरक्षित तरिकाले आफ्नो अनुभवहरूलाई बताउने अवसर दिन सकिने सुनिश्चितता प्रदान गर्नुहोस्। उदाहरणको लागि केही व्यक्तिहरूलाई आफ्नो विचार बेनामी शैलीमा बताउन सजिलो लाग्न सक्छ। कुनै अवस्थामा भने निश्चित समूह जस्तै महिला, शिक्षक, वा अपाङ्गता भएका विद्यार्थी आदिको अनुभव बुझ्नको लागि साना छलफल समूह उपयोगी हुनसक्छ।*

| | १ छैन वा कहिल्यै हुँदैन | २ विरलै | ३ कहिलेकाहीं | ४ प्राय:जसो | ५ छ वा सधैं हुन्छ |
|---|---|---|---|---|---|
| मेरो विद्यालयमा विद्यार्थीहरूले सुरक्षित महसुस गर्छन् ।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ३ र ५) | | | | | |
| मेरो विद्यालयमा कसैलाई पनि निम्न कुनै पनि आधारमा विभेद गरिदैन : उनीहरूको लिङ्ग, धर्म, उनीहरूले कपडा लगाउने तरिका, उनीहरूका साथीहरू को हुन्, उनीहरूको छालाको रङ्ग कस्तो छ, उनीहरूको जाति वा वर्ग के हो वा विद्यालयमा नहुँदा उनीहरू के गर्छन् आदि<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा १, २, ७ र १६) | | | | | |
| मेरो विद्यालयले सबैको लागि आवश्यक स्रोत र क्रियाकलाप सहितको मानवअधिकारमा समान पहुँच उपलब्ध गराएको छ<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २ र ७) | | | | | |
| मेरो विद्यालयको सबैलाई पढाइ, अतिरिक्त क्रियाकलाप र करिअरका अवसरहरूसम्बन्धी समान सूचना र प्रोत्साहन उपलब्ध हुन्छ ।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २ र १९) | | | | | |
| आफूमाथि विभेद हुँदैन, कसैले पनि आफ्नो ठट्टा वा खिल्ली उडाउँदैन भन्ने निश्चिन्तताका साथ मैले मेरो आस्था र विचारहरू (सांस्कृतिक, राजनीतिक, धार्मिक वा अन्य आस्था) लाई स्वतन्त्रताका साथ व्यक्त गर्न सक्छु ।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा १८ र १९) | | | | | |
| मेरो विद्यालयका सबैले विविध पृष्ठभूमि र संस्कृतिका विद्यार्थी, उनका परिवार, र अन्य कर्मचारीहरूलाई स्वागत गर्दछन् ।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २, ६, १३, १४ र १५) | | | | | |
| मेरो विद्यालय लोकतान्त्रिक छ । आफूलाई असर गर्ने विषयहरू जस्तै नियमहरू र विद्यालयका नीतिहरूसम्बन्धी निर्णय प्रक्रियामा मेरो विद्यालयका सबै (विद्यार्थी, शिक्षक, सहयोगी कर्मचारी र अभिभावकहरू) जनालाई सहभागी हुने अवसर प्राप्त हुन्छ । विद्यालयका निश्चित व्यवस्था हुने भएकोले स्वाभाविक रूपमा सबै सरोकारवालाहरूले सबै निर्णयहरूमा समान तहमा सहभागी हुन पाउँदैनन् ।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २०, २१ र २३) | | | | | |
| मेरो विद्यालयमा यदि कसैले खराब व्यवहार गरेमा वा कुनै घटना घटेमा, के भएको हो भन्ने थाहा पाउन र दिनुपर्ने सजायसम्बन्धी निर्णय गर्न उक्त व्यवहार वा घटनासँग सम्बन्धित सबैजनालाई शिक्षक र विद्यालयका नेतृत्वले निष्पक्ष र समान व्यवहार गर्दछन्।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ६, ७, ८, ९, १० र २९) | | | | | |
| मेरो विद्यालयमा यदि कसैले अन्य व्यक्तिको अधिकारलाई नकारात्मक असर पर्नेगरी केही कार्य गर्दछ भने उसलाई आफ्नो व्यवहारमा कसरी परिवर्तन गर्ने भन्ने बारेमा सिक्न सहयोग गरिन्छ ।<br>(मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २९) | | | | | |

| | १ छैन वा कहिल्यै हुँदैन | २ विरलै | ३ कहिलेकाहीं | ४ प्राय:जसो | ५ छ वा सधैं हुन्छ |
|---|---|---|---|---|---|
| मेरो विद्यालयमा द्वन्द्व (असहमति वा झगडा) हुँदा हामी अहिंसा र सहकार्यको माध्यमबाट समाधान गराउन खोज्छौं । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ३, ५ र २८) | | | | | |
| मेरो विद्यालयमा कसैलाई केही गलत गरेको आरोप लाग्दा उक्त व्यक्तिलाई प्रमाणित नहुँदासम्म निर्दोष मानिन्छ । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ११) | | | | | |
| मेरो विद्यालयमा कसैलाई पनि अपमानजनक, क्रूर वा उनीहरूलाई मान्छे भन्दा तल्लो स्तरको महसुस गराउने तरिकाले कसैलाई पनि व्यवहार वा सजाय दिइंदैन । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ५) | | | | | |
| मेरो विद्यालयमा प्रताडना वा विभेद गरिएको उजुरी आएमा तिनको सम्बोधनको लागि नीति र प्रक्रियाहरू छन् । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ६, ७, ८ र १०) | | | | | |
| मेरो विद्यालयका सदस्यहरूले कुनै सेन्सरसिप वा सजायको त्रासबिना न्युजलेटर र अन्य सामाग्रीको प्रकाशन गर्न र वितरण गर्न सक्छन् । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा १९ र २७) | | | | | |
| मेरो विद्यालयमा सबैले एक अर्कालाई न्याय, वातावरण, गरिबी र शान्तिसँग सम्बन्धित विश्वव्यापी समस्याहरूको बारेमा जान्न प्रोत्साहन गर्दछौं । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २५, २६ र २९) | | | | | |
| मेरो विद्यालयमा अन्य व्यक्तिहरूको जीवन, सोच र विचारको बारेमा सुन्न, पढ्न र जान्नको लागि अवसरहरू रहेका छन् । विविध सोचहरूलाई हाम्रो पाठ्यक्रम, पाठ्यपुस्तक, हाम्रो पुस्तकालय र हाम्रा सार्वजनिक स्थानहरूमा सम्मिलित र प्रतिनिधित्व गरिएको छ । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा २, १९, २६ र २७) | | | | | |
| मेरो विद्यालयमा काम गर्ने व्यक्तिहरूले पाउने तलबले उनीहरू र उनीहरूको परिवारले उचित जीवनयापन गर्न सक्दछन् र उनीहरूले बिदा पाउनुका साथै तलबी छुट्टी पनि पाउँदछन् । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ४, २२, २३, २४ र २५) | | | | | |
| मेरो विद्यालयमा सबै व्यक्तिको निजी स्थान र वस्तुहरूको सम्मान गरिन्छ । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा १२ र १७) | | | | | |
| मेरो विद्यालयमा कुनै पनि व्यक्तिले अन्य व्यक्तिहरू विरुद्ध विभेद नगरुन् र उनीहरूको व्यवहारले समस्त विद्यालयका सम्बन्धितको सुरक्षा र उनीहरूको हितको सुरक्षा गरून् भन्ने सुनिश्चितता गर्ने जिम्मेवारी मेरो हो । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा १ र २९) | | | | | |
| मेरो विद्यालयमा कसैले पनि मेरो अधिकार खोस्दैनन् भन्ने विषयमा म विश्वस्त छु । (मानवअधिकारको विश्वव्यापी घोषणापत्र, धारा ३०) | | | | | |

**मानवअधिकार तापक्रम :**

# जानकारी परीक्षाको उत्तर !

## नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रमुख महासन्धिहरू के के हुन् ?

| सन्धिहरू | छोटो नाम | संयुक्त राष्ट्रसङ्घबाट पारित मिति | नेपालले अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| दासत्वसम्बन्धी महासन्धि, १९२६<br>दासत्व सम्बन्धी महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३<br>दासत्व, दास बेचबिखन र दासत्व जस्ता संस्था र अभ्यासहरूको उन्मूलन सम्बन्धी पूरक महासन्धि, १९५६ | Slavery Convention | २५ सेप्टेम्बर १९२६<br>७ डिसेम्बर १९५३<br>७ सेप्टेम्बर १९५६ | ७ जनवरी १९६३ |
| जाति हत्याको अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धि, १९४८ | Genocide Convention | ९ डिसेम्बर १९४८ | १७ जनवरी १९६९ |
| सबै प्रकारका जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ | CERD | २१ डिसेम्बर १९६५ | ३० जनवरी १९७१ |
| नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | ICCPR | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| मृत्युदण्डको उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको, दोस्रो ऐच्छिक आलेख, १९८९ | ICCPR-OP2-DP | १५ डिसेम्बर १९८९ | ०४ मार्च १९९८ |
| आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ | ICESCR | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| महिला विरूद्ध हुने सबै प्रकारका विभेदको अन्त्यसम्बन्धी महासन्धि, १९७९ | CEDAW | १८ डिसेम्बर १९७९ | २२ अप्रिल १९९१ |
| यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि, १९८४ | CAT | १० डिसेम्बर १९८४ | १४ मे १९९१ |
| बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ | CRC | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर १९९० |
| सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००० | CRC-OP-AC | २५ मे २००० | ३१ अक्टोबर २००५ |
| बालबालिकाको बेचबिखन, बाल यौन व्यवसाय र बाल अश्लिलकर्म विषयको बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००५ | CRC-OP-SC | २५ मे २००५ | २० जनवरी २००६ |
| अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ | CRPD | १३ डिसेम्बर २००६ | २७ जनवरी २०१० |

## नेपाल पक्ष राष्ट्र नरहेका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रमुख महासन्धिहरु के के हुन् ?

| सन्धिहरू | छोटो नाम | संयुक्त राष्ट्रसङ्घबाट पारित मिति |
|---|---|---|
| सबै आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि, १९९० | CMW | १८ डिसेम्बर १९९० |
| अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम विधान, १९९८ | ROME STATUTE | १७ जुलाई १९९८ |
| बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासन्धि, २००६ | CPED | २० डिसेम्बर २००६ |

## नेपाल पक्ष राष्ट्र रहेका अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी प्रमुख महासन्धिहरू के के हुन् ?

| सन्धिहरू | छोटो नाम | अन्तर्राष्ट्रिय समुदायद्वारा पारित मिति | नेपालले अनुमोदन/सम्मिलन गरेको मिति |
|---|---|---|---|
| घाइते तथा बिरामी भएका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी (दोस्रो) जेनेभा महासन्धि, १९४९ | First Geneva Convention | १२ अगष्ट १९४९ | ७ फेब्रुवरी १९६४ |
| समुन्द्रमा घाइते तथा बिरामी भएका र संकटग्रस्त जहाजका सशस्त्र सेनाका सदस्यहरूको अवस्था सुधारसम्बन्धी (दोस्रो) जेनेभा महासन्धि, १९४९ | Second Geneva Convention | १२ अगष्ट १९४९ | ७ फेब्रुवरी १९६४ |
| युद्धवन्दीहरूको संरक्षण सम्बन्धी (तेस्रो) जेनेभा महासन्धि, १९४९ | Third Geneva Convention | १२ अगष्ट १९४९ | ७ फेब्रुवरी १९६४ |
| युद्धको समयमा गैरसैनिक व्यक्तिहरूको संरक्षण सम्बन्धी (चौथो) जेनेभा महासन्धि, १९४९ | Fourth Geneva Convention | १२ अगष्ट १९४९ | ७ फेब्रुवरी १९६४ |

## शब्दावली

**स्वीकृति :** कुनै पनि सन्धिको स्वीकृत हुनु वा अनुमोदन गर्नुमा समान कानुनी प्रभाव रहन्छ। राज्यद्वारा स्वीकृत हुने सन्धिले राज्य बाध्य रहने सहमति जनाउँछ।

**सम्मिलन :** कुनै अन्य राज्यबाट हस्ताक्षर भएको सन्धिमा पार्टी बन्ने अवसर वा प्रस्ताव स्वीकार गर्ने कार्यलाई सम्मिलन मानिन्छ। सम्मिलन र अनुमोदनको समान कानुनी प्रभाव रहन्छ।

**अनुमोदन :** कुनै सन्धि अपनाउन वा सन्धिका प्रावधानलाई प्रभावकारी बनाउन संसदद्वारा राष्ट्रिय कानुनलाई पारित गरिने प्रक्रियालाई अनुमोदन भएको मानिन्छ।

*एम्नेस्टी इन्टरनेसनलका विभिन्न स्रोतहरू - एम्नेस्टी इन्टरनेसनलको अनलाइन मानवअधिकार प्रतिष्ठानदेखि मानवअधिकार शिक्षण सामाग्रीका साथसाथै एम्नेस्टी इन्टरनेसनलले नेपाली परिप्रेक्ष्यमा नेपाली स्रोता र पाठकहरूको लागि तयार गर्न दिइएको समीक्षा अनुसार यस पुस्तिकालाई तयार गरिएको हो।*

amnestynepal

amnesty.nepal

amnesty.nepal



एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल, नेपाल शाखा
एम्नेस्टीमार्ग, वसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौँ, नेपाल

+ ९७७ ९८५१३३६९९६

+ ९७७ (१) ४९६४७०६/४९६५४३१

info@amnestynepal.org

https://amnestynepal.org